

**तालिमको प्रमुख विशेषताहरु**

(क) भाषाः तालिम नेपाली भाषामा संचालन हुनेछ । सन्दर्भ सामाग्री दुबै नेपाली र अंग्रेजीमा हुनेछ ।

(ख) स्रोत व्यक्ति र सहजकर्ताः स्रोत व्यक्ति र सहजकर्ताहरुमा व्यक्तिगत अनुभव, शैक्षिक योग्यता तथा समुदाय विकासमा व्यवहारिक अनुभवको आधारमा हुनेछ । स्रोत व्यक्तिहरु ३ प्रकारका हुनुहुनेछ ।

१) समुदायका स्रोत व्यक्ति

२) संस्थागत स्रोत व्यक्ति

३) बाहिरी स्रोत व्यक्ति (विषयगत विशेषज्ञहरु र प्रेरणादायी व्यक्तिहरु) ।

(ग) कोर्ष तालिकाः यस समुदाय विकास व्यवस्थापन आधार भुत तालिम हरेक वर्ष कम्तीमा एक पटक संचालन हुनेछ, जसमा कम्तीमा २० जना व्यक्तिहरु सहभागी हुनेछन् ।



**सहभागीहरुले प्रवेश पाउने मापदण्डहरुः**

- लेख्न एवं पढ्न सक्ने ।
- निश्चित उमेर समूह (१८-३५)का स्थानीय व्यक्तिहरु
- सामाजिक कार्य गर्न इच्छुक ।
- सिक्न सिकाउन ईच्छुक ।
- इच्छुक उम्मेदवारलाई समुदायमा आधारित समूह /सहकारी/क्लब/संस्थाहरु, सरकारी र गैह्र सरकारी संस्थाहरु मार्फत सिफारिस एवं प्रायोजन गरेको हुनपर्नेछ ।



**निवेदन कसरी दिने ?**

इच्छुक व्यक्तिहरुले निवेदन फारम भरेर हामीलाई हाम्रो इमेल ठेगाना (bhim@share-care.org वा transformation @share-care.org) मा पठाउन वा सिधै शेएर एण्ड केयर नेपालको केन्द्रीय कार्यालय, मानभवन, ललितपुरमा बुझाउन सक्नुहुनेछ । निवेदन फारम संस्थाको वेबसाइट (https://share-care.org/index.php/diploma_course) बाट पनि डाउनलोड गर्न सक्नुहुनेछ ।



**"Be a Part of Transformation"**

**"रुपान्तरित व्यक्ति–रुपान्तरित समुदाय"**

SHARE AND CARE NEPAL

# प्रस्पेक्टस्

## समुदाय विकास व्यवस्थापन आधारभुत तालिम



**शेयर एण्ड केयर नेपाल**
**पोष्ट बक्स नं. १०६५७**
**मानभवन, ललितपुर**
**फोन : ०१-५५३८५७७**
**इमेलः transformation@share-care.org**
**वेबसाइटः www.share-care.org**

**परिचय (Introduction)**
शेयर एण्ड केयर नेपाल **"रुपान्तरित व्यक्ति-रुपान्तरित समुदाय"** अभियानमा संलग्न हुन इच्छुक व्यक्तिहरुलाई स्वागत गर्न पाउँदा गौरवान्वित महशुस गर्दछ । विगत वि.सं. २०६९ सालबाट व्यवहारिक मुल्य र मान्यतामा आधारित समुदाय विकास व्यवस्थापन कोर्ष विकास अभियानकर्ताहरुको क्षमता अभिवृद्धिको लागि संचालन गर्दै आईरहेको छ । यस कोर्षले सहभागीहरुलाई व्यवहारिक एवं सैद्धान्तिक ज्ञान र सीप प्रदान गरी उनीहरुलाई समुदाय विकासको कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्न सहयोग गर्दछ भन्ने हाम्रो विश्वास छ ।

समुदाय विकास व्यवस्थापन डिप्लोमा कोर्षको तेस्रो व्याच संचालन गर्दा सम्मको अनुभव कोर्षका सहभागीहरु सरोकारवालाहरु, साझेदार संघ संस्थाहरुको पृष्ठपोषण र कोर्ष व्यवस्थापन समितिको महसुसीकरणको आधारमा यस समुदाय विकास व्यवस्थापन कोर्षका सम्भावनाहरु र अवसरहरुलाई विस्तार गर्नु पर्ने आवश्यकताको महशुस भयो । एक वर्षे लामो समय अवधि सम्म सहभागी हुन नसक्नु, सहभागीताको लागि आवश्यक मापदण्ड पुरा गर्न नसक्नु र विकास अभियानमा नयाँ शुरुवात गर्न इच्छा राख्ने व्यक्तिहरु यस कोर्षमा सहभागी हुन नपाउनु जस्ता समस्याहरुलाई समाधान गर्न समुदाय विकास व्यवस्थापन आधारभुत तालिम (Basic Course On Community Development Management) को शुरुवात गरिएको छ ।

**आधारभुत तालिम (Basic Course)**
शेयर एण्ड केयर नेपालले समुदाय विकास व्यवस्थापन आधारभुत तालिम परियोजना संचालित तथा बाह्य अन्य जिल्लाका सिक्न सिकाउन इच्छुक, सामाजिक कार्यमा रुचि राख्ने र लेख्न एवं पढ्न सक्ने निश्चित उमेर समूह (१८-३५)का स्थानीय व्यक्तिहरुलाई समुदाय, विकास र व्यवस्थापन आदि विषयहरुमा विषयगत तथा व्यावहारिक ज्ञान,शीप, अनुभव एवं अनुभूतिहरु मार्फत सहभागीहरुको क्षमतामा अभिवृद्धि गरी एक परिपक्क एवं क्षमतावान सामुदायिक विकास अभियानकर्ताहरुको विकासमा योगदान पुर्‍याउने लक्ष्य यस कोर्षबाट हामीले लिएका छौं ।

**कोर्षको अवधि (Course Duration)**
समुदाय विकास व्यवस्थापन आधारभुत कोर्षको अवधि ३ हप्ताको हुनेछ । यस कोर्षको निर्धारित समयावधिमा आवशीय र फिल्ड प्राक्टिकम गरी दुई प्रकृतिको सिकाईको प्रवन्ध मिलाइएको छ ।

| आवाशीय तालिम | फिल्ड प्राक्टिकम |
|---|---|
| १ हप्ता | २ हप्ता |

**यो कोर्षबाट कसले फाइदा लिन सक्छ ?**
- समुदाय विकास व्यवस्थापन सम्बन्धी ज्ञान, शीप, क्षमता र अनुभव नभएका तर लेख्न एवं पढ्न सक्ने निश्चित उमेर समूह (१८-३५)का स्थानीय व्यक्तिहरु जो सामाजिक कार्य गर्न इच्छुक छन् ।
- समुदायिक विकासको क्षेत्रमा काम गर्न शुरुवात गरेका तर पेशागत ज्ञान,शीप एवं अनुभवमा कमी भएका सिक्न सिकाउन इच्छुक स्थानीय व्यक्तिहरु ।
- सामाजिक परिचालक वा सामाजिक कार्यकर्ता वा स्वयंसेवकहरु जो आफ्नो क्षमता अभिवृद्धि गर्न चाहन्छन् ।

**सिकाई विधि (Learning Methods)**
सिकाईलाई लागि सहज तुल्याउन सहभागीहरुले सिक्न सक्ने उपयोगी, सान्दर्भिक तथा प्रभावकारी विधि तथा सिकाई सामाग्रीहरुको प्रयोग गरिनेछ । आवासीय तालिममा विषयगत दक्ष सहजकर्ताहरुबाट प्रवचन, समूह छलफल, अन्तरक्रिया, अभिनय, बृतचित्र, सफलताका कथाहरु शेयरिङ्ग असाइन्मेन्टस् दिने र अनुभवहरु आदानप्रदानको वातावरण मिलाइनेछ । जसबाट सहभागीहरुले उपलब्ध स्रोत सामाग्रीहरुको अधिकतम सदुपयोग गर्न उत्साहित हुनेछन् । समुदाय विकास अवधारणाहरुको व्यवहारिक कार्यान्वयनको प्रत्यक्ष अवलोकनको लागी स्थलगत अध्ययन एवं सिकाईका अवसरहरु श्रृजना हुनेछन् । समुदायमा आधारित स्रोत व्यक्तिहरुले आफनो व्यवहारिक अनुभवहरु सहभागीहरुलाई बाड्नेछन् । सहभागिहरुले आवसीय तालिमको क्रममा सिके का सिकाइहरुलाई कार्यान्वयन गर्न २ हप्ताको लागि कार्ययो जना बनाई आ-आफ्नो फिल्ड वा समुदायमा गएर कार्यान्वयन एवं लागु गर्नेछन् । उक्त अवधिमा संस्थाका कर्मचारीहरुले नियमित निरिक्षण, सुपरिवेक्षण, पृष्टपोषण तथा आवश्यकता अनुसार सहयोग गर्नेछन् । तीन हप्ताको कोर्ष सफलतापूर्वक सम्पन्न गरेपछि सहभागिहरुलाई समुदाय विकास व्यवस्थापन आधारभुत तालिमको प्रमाण पत्र प्रदान गरिनेछ ।

| कोर्ष मोड्यूल "क" समुदाय | कोर्ष मोड्यूल "ग" व्यवस्थापन |
|---|---|
| ➲ समुदायको आधारभुत पक्षहरु र गतिशिलता प्रतिको बुझाई<br>➲ गरिवी र यसको सम्बन्धको आधारमा समुदायप्रतिको बुझाइ<br>➲ समुदायको आवश्यकता पहिचान एवं प्राथमिकिकरण । | ➲ व्यक्तिगत तथा समूहको कार्ययोजना तर्जुमा ।<br>➲ समुह तथा समुदायका गतिबिधिहरुको अनुगमन ।<br>➲ प्रगति प्रतिवेदन लेखन ।<br>➲ सफलतामा आधारित घटना अध्ययन लेखन । |
| **कोर्ष मोड्यूल "ख" विकास** | **कोर्ष मोड्यूल "घ" सीप** |
| ➲ विकास र विकास पद्दतीहरुको अवधारणाहरु<br>➲ समुदाय संगठन र परिचालन प्रक्रिया एवं रणनीति ।<br>➲ समुदाय सशक्तिकरण पद्दतीहरु । | ➲ प्रभावकारी संचार<br>➲ सहजीकरण सीप<br>➲ प्रश्तुतीकरण सीप<br>➲ नेतृत्व कला एवं सीप<br>➲ अन्तर व्यक्तित्व सम्बन्ध सिप<br>➲ व्यक्तित्व विकास |

